नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (संघीय मामिला महाशाखा)

## सिंहदरबार काठमाडौं

फोन:०१-४२००
४२००
www.mofaga.gov
सिंहदरबार, काठमाण

प.सं.: ०७६/७७
च.नं.: १२०

मिति २०७७।०३।११

श्री स्थानीय तह (सबै) ।

विषयः जानकारी सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. १७८ मिति २०७७।०३।०८ को पत्रसाथ प्राप्त **'कोरोना भाइरस कोभिड-१९ महामारीको अवधिमा आश्रयस्थल सञ्चालन सम्बन्धी मापदण्ड, २०७७'** यसैसाथ संलग्न छ । सोबाट व्यहोरा अवगत गरी सोही बमोजिम गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

बन्दना कर्ण
शाखा अधिकृत

बोधार्थः
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार ।
श्री सुचना प्रविधि शाखा : Website मा Upload गरीदिनुहुन ।

## कोरोना भाइरस (कोभिड -१९) महामारीको अवधिमा आश्रयस्थल सञ्चालन सम्बन्धी मापदण्ड, २०७७

प्रस्तावनाः सेवा केन्द्र तथा पुर्नस्थापना केन्द्र लगायतका आश्रयस्थलमा आश्रित व्यक्तिहरूलाई विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको संक्रमणबाट जोगाउन तथा महामारीको अवधिमा संक्रमण हुन नदिन पूर्ण सुरक्षाका उपायहरु अपनाएर सुरक्षित तथा सुव्यवस्थित तरिकाले सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन वाञ्छनिय भएकोले,

सुशासन (व्यवस्था तथा संचालन) ऐन, २०६४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको मापदण्ड बनाएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "कोरोना भाइरस (कोभिड१९) महामारीको अवधिमा आश्रयस्थल सञ्चालन सम्बन्धी मापदण्ड,२०७७" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) "आश्रयस्थल" भन्नाले घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ११ बमोजिमको सेवा केन्द्र र विभिन्न सरकारी तथा गैर सरकारी संस्थाद्वारा सन्चालित पुर्नस्थापना केन्द्र समेतलाई सम्झनुपर्छ ।

(ख) "प्रभावित व्यक्ति" भन्नाले आश्रयस्थलमा सेवा लिइरहेका कोरोना भाइरसको लक्षण देखिएका वा नदेखिएका तथा संक्रमण पुष्टि भएका महिला तथा निजसँग आश्रित बालबालिका सम्झनुपर्छ र सो शब्दले महामारी तथा वन्दावन्दीको अवधिमा आश्रयस्थलमा सेवा लिन आउने अन्य पीडित व्यक्ति समेतलाई जनाउँछ ।

(ग) "क्वारेन्टिन स्थल" भन्नाले कुनै रोगको संक्रमण फैलन सक्ने अवस्थांलाई आँकलन गरी उक्त संक्रमित इलाका वा संक्रमितको सम्पर्कमा रहेको वा कुनै स्थानमा रहेका सम्भावित जोखिम भएका व्यक्तिलाई वाह्य सम्पर्कबाट छुट्याई तोकिएको स्थान वा घरमा कम्तीमा १४(चौध) दिन सम्म अलग्गै राखिने स्थललाई जनाउँछ ।

(घ) "आइसोलेसन कक्ष" भन्नाले कोरोना भाइरसको संक्रमणको संभावना, लक्षण देखि परीक्षण प्रतिवेदन आउनु अघि तथा परीक्षण पछि रोगको संक्रमण पुष्टी भएका व्यक्तिलाई निर्धारित मापदण्ड अपनाउँदै उपचार गर्नका लागि प्रयोग गरिने स्थान भन्ने बुझिन्छ ।

(ङ) "स्थानीय तह" भन्नाले संबिधान बमोजिम स्थापना भएका गाउँपालिका र नगरपालिका सम्झनुपर्छ ।

३. मापदण्डको उद्देश्यः यो मापदण्ड तर्जुमा गर्नुको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको महामारीको अवधिमा सेवा केन्द्र तथा पुर्नस्थापना केन्द्र संचालनका साबिकका मापदण्ड कायमै राखी थप सुरक्षाका उपाय अपनाएर सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

(ख) हिंसा पीडित, गर्भवति तथा सुत्केरी महिला र बालबालिकालाई महामारी तथा बन्दाबन्दीको अवधिमा पनि आश्रयस्थलमा भर्ना लिई सुरक्षित रुपमा सेवा प्रवाह गर्ने।

(ग) आश्रयस्थलका आवासीय कर्मचारी तथा आश्रितलाई कोरोना भाइरसको संक्रमणबाट सुरक्षित राख्न, जोखिमलाई घटाउन र सेवालाई सुचारू राख्न मार्ग दर्शन गर्ने ।

## परिच्छेद–२

## न्यूनतम मापदण्ड

४. **आश्रयस्थलमा पालना गर्नुपर्ने न्यूनतम मापदण्डः** (१) आश्रयस्थलमा बसिरहेका दुई हप्तादेखि बाहिर कसैको सम्पर्कमा नआएका तथा कोरोना भाइरस सम्बन्धी कुनै पनि लक्षण नदेखिएका व्यक्तिहरूलाई सुरक्षा सम्बन्धी सबै नियम पालना गरी एक अर्काबीच कम्तिमा एक मिटर भौतिक दुरीको पालना गराई सँगै राख्न सकिनेछ।

(२) आश्रयस्थलमा आश्रय लिन आउने नयाँ प्रभावित व्यक्तिलाई १४ दिनसम्म अनिवार्य क्वारेन्टिनमा राखी नियम ५ मा उल्लेख गरिएको प्रक्रिया अनुसार व्यवस्था गर्न सकिनेछ।

(३) बन्दाबन्दीको समयमा अति आवश्यक कर्मचारी आश्रयस्थलमा आवासीय रुपमा रही अन्य कर्मचारी, मनोविमर्शकर्ता, कानूनी परामर्शकर्तालि आवश्यक सेवा फोन मार्फत दिने व्यवस्था मिलाउनु पर्नेछ।

(४) आश्रयस्थलमा रहेका प्रभावितलाई बन्दाबन्दी अवधिभरका लागि बस्ने अवधि थप गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) आश्रयस्थलमा आवत जावत सुचारु गर्नु भन्दा अगाडि महामारीको अवस्था थाहा पाउन नियमित रुपमा सम्बन्धित स्वास्थ्य संस्थासँग सम्पर्क स्थापित गरिरहनु पर्नेछ ।

(६) महामारी तथा बन्दाबन्दीको अवधिमा आश्रयस्थलमा रहेका प्रभावित तथा कर्मचारीले अत्यावश्यक काममा बाहेक बाहिर निस्कन हुदैन । खाद्यान्न तथा अन्य आवश्यक सामग्री खरिद गर्न जानु परेमा एक जना मात्र बाहिर जाने गर्नु पर्दछ। यसरी बाहिर जानु पर्ने व्यक्तिले निम्न कुराहरू पालना गर्नु पर्नेछः–

(क) अरू व्यक्तिहरूसँग कम्तिमा एक मिटरको दुरी कायम राख्ने।

(ख) मास्कको अनिवार्य प्रयोग गर्ने, खोक्दा वा हाच्छ्यूँ गर्दा कुहिनोले मुख छोप्ने।

(ग) आश्रयस्थलमा फर्किएपछि जुत्ता अनिवार्य रूपमा बाहिरै फुकाल्ने।

(घ) सबै सामानहरूलाई झिकेर एक ठाउँमा राख्ने।

(ङ) प्याक गरिएका थैलाहरूलाई सावधानीपूर्वक नष्ट गर्ने।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं